# नेपालमा बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम–नेपाल)
## मासिक कार्यसम्पादन पत्र
महिना : जनावरी वर्ष : ५ अंक : १


### १.बालसंवेदनशील पत्रकारितासम्बन्धी दुईदिने कार्यशाला सम्पन्नः

जनावरी २० र २१ : कन्सोर्टियम नेपालले गुड शेफर्ड इन्टरनेशनल फाउन्डेसन नेपालसँगको सहकार्यमा बाल संवेदनशील पत्रकारितासम्बन्धी दुईदिने कार्यशाला सम्पन्न गरेको छ । काठमाडौंमा जनवरी २० र २१ मा आयोजित कार्यशालामा बालअधिकार र बालबालिका सम्बन्धी विषयमा कार्यरत करिब १५ जना पत्रकार तथा फोटो पत्रकारहरूको सहभागिता रहेको थियो ।



कार्यशालामा त्रिभुवन विश्वविद्यालयको पत्रकारिता विभागका प्रमुख प्राध्यापक कुन्दन अर्याल र केन्द्रीय बालकल्याण समितिका पूर्व कार्यकारी निर्देशक, कन्सोर्टियम नेपालको सल्लाहकार तथा बालअधिकार अभियन्ता तारक धितालले सहजीकरण गर्नुभएको थियो । प्रशिक्षकहरूले बालबालिकासँग सम्बन्धित विद्यमान कानुन, नीतिगत व्यवस्था र व्यवहारिक अभ्यासबारे जानकारी गराउँदै पत्रकारितामा अपनाउनुपर्ने बालमैत्री दृष्टिकोणमाथि प्रकाश पारे ।

कार्यशालामा आगामी निर्वाचनको सन्दर्भमा बालबालिकाको दुरुपयोग र गलत मार्गदर्शन हुन सक्ने सम्भावनाबारे छलफल गरिएको थियो । साथै, पत्रकारिताको आचारसंहिता, बालमैत्री रिपोर्टिङ, समाचार लेखन र कभरेजका अभ्यास, बालबालिकाको वर्तमान अवस्था, उनीहरूको मौलिक

अधिकार तथा बालसम्बन्धी समाचार कभरेजका लागि आवश्यक आधारभूत सीप र चेतनामाथि प्रशिक्षण दिईएको थियो । बालबालिकाको हितका लागि अभिभावक, राज्य, सरकारी निकाय र पत्रकारको भूमिकाबारे पनि सहभागीहरूलाई अवगत गराइएको थियो ।

कार्यक्रमको समापन सत्रमा कन्सोर्टियम नेपालका अध्यक्ष प्रदिप कुमार लामिछाने र उपाध्यक्ष अनिता पाण्डेले बालबालिकाको अर्थपूर्ण सहभागिता अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो । वहाँहरूले आगामी निर्वाचनमा बालबालिकाको हित र अधिकारलाई केन्द्रमा राखेर समाचार कभरेज गर्न र जनचेतना अभिवृद्धिमा पत्रकारहरूले सक्रिय भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो । सो अवसरमा सहभागी पत्रकारहरुले सिकाई उपलब्धी बारे प्रकाश पार्दै यस्ता कार्यशालाले पत्रकारहरूलाई बालअधिकारप्रति थप संवेदनशील बनाउँदै जिम्मेवार र बालमैत्री पत्रकारिता प्रवर्द्धन गर्न सहयोग पुर्‍याउने धारणा व्यक्त गरे ।



कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२७ participation.consortium@gmail.com, Consortium Nepal

## २. कन्सोर्टियम नेपालद्वारा नागरिक समाज र विकास साझेदारसँग सहकार्य बैठक सम्पन्न :

१४ जनावरी :कन्सोर्टियम नेपालले बाल केन्द्रित नागरिक सञ्जालका प्रतिनिधि (Child Centric Network) र विकास साझेदारहरूसँग सहकार्य बैठक आयोजना गरेको छ । बैठकको उद्देश्य हाल सञ्चालनमा रहेका अभियान तथा गतिविधिहरूको समीक्षा गर्नु, संस्थागत उपलब्धिहरूमा समिक्षा तथा भविष्यमा सम्भावित सहकार्यका क्षेत्रहरू पहिचान गर्नु रहेको थियो ।

बैठक दुई सत्रमा विभाजित थियो । पहिलो सबम नागरिक समाजका प्रतिनिधिहरुको सहभागिता रहेको थियो भने दोस्रो सत्रमा विकास साझेदारहरू सहभागी भएका थिए । दुवै सत्रमा कन्सोर्टियम नेपालले हालै गठन भएको नयाँ कार्यसमिति परिचय गराउँदै आगामी कार्यक्रम तथा अभियानहरुको बारे प्रस्तुति गरेको थियो । साथै, सम्भावित सहकार्यका क्षेत्रहरूमा नागरिक समाज र विकास साझेदारहरूको प्रतिबद्धता समेत माग गरिएको थियो ।

बैठकमा सहभागी साझेदार संस्थाका प्रतिनिधिहरूले कन्सोर्टियम नेपालको आगामी कार्यक्रमहरुमा अर्थपूर्ण रूपमा संलग्न हुने प्रतिबद्धता व्यक्त गरे । विशेषगरी, आसन्न निर्वाचनको सन्दर्भमा बालबालिकामाथि हुने दुरुपयोग तथा अनुचित बाल सहभागिताका घटनाहरूलाई नजिकबाट अनुगमन गर्नुपर्ने आवश्यकता औंल्याइएको थियो । सहभागीहरूले बाल सहभागिताको बदलिँदो धारणा (narrative) माथि ध्यान दिनुपर्ने र वर्तमान सामाजिक-राजनीतिक सन्दर्भमा यसको पुन:परिभाषा आवश्यक रहेकोमा जोड दिए ।

बैठकमा सीमान्तकृत तथा पछाडि पारिएको समुदायका बालबालिकाको समावेशी सहभागिता सुनिश्चित गर्नुपर्नेमा विशेष जोड दिइएको थियो । विकास साझेदारका प्रतिनिधिहरूले पनि बाल सहभागिताका विषयमा सहकार्य गर्न प्रतिबद्धता जनाउँदै बाल सहभागिता सम्बन्धि कार्यविधि ( Child Participation Framework) विकास, पैरवी तथा अभियानात्मक गतिविधिहरूलाई थप सुदृढ गर्न सिफारिस गरेका थिए ।




कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal

### ३. कन्सोर्टियम नेपालका पूर्व अध्यक्ष र सल्लाहकारहरुसँग बैठक सम्पन्न:

४ जनावरी : कन्सोर्टियम नेपालले आगामी वर्षका प्राथमिकता, रणनीतिक दिशा तथा सञ्जालले भविष्यमा गर्ने अभियाजन बारे पूर्व अध्यक्षहरू र सल्लाहकारहरुसँग बैठक आयोजना गरेको छ । बैठक कन्सोर्टियम नेपालका अध्यक्ष प्रदीप कुमार लामिछानेको अध्यक्षतामा सम्पन्न भएको थियो । अध्यक्ष लामिछानेले बैठकको उद्देश्य, कार्यसूची र सन्दर्भ प्रस्तुत गर्दै सहभागीहरूलाई स्वागत गरेका थिए भने कार्यक्रम संचालन महासचिव दुर्गाराज पौडेलले गरेका थिए । बैठकमा कन्सोर्टियम नेपालका पूर्व अध्यक्षहरू तथा सल्लाहकार सदस्यहरुको उल्लेखनीय उपस्थिति रहेको थियो ।

कार्यक्रममा कन्सोर्टियम नेपालका कार्यक्रम व्यपस्थापक गौरव के.सी.ले सञ्जालको वर्तमान अवस्था, प्रमुख उपलब्धिहरू तथा आगामी योजनाबारे प्रस्तुति दिएका थिए । अध्यक्ष लामिछानेले कन्सोर्टियम नेपालको बाल सहभागिताप्रतिको प्रतिबद्धता निरन्तर र दीर्घकालीन रहेको पुनः स्पष्ट पारे । वहाँले २०८२ सालसम्म सदस्य संस्थामार्फत सबै जिल्लामा पुग्ने लक्ष्य, सदस्य संस्थाहरूको क्षमता विकास, बालबालिकाको नागरिक र राजनीतिक अधिकार सुनिश्चित गर्दै मतदान अधिकारबारे १८ वर्ष नपुगेका बालबालिकालाई नै सचेत र सक्षम बनाउने प्रतिबद्धता व्यक्त गरे ।

साथै, बाल सहभागिता सम्बन्धि कार्यविधि, डिजिटल रिसोर्स सेन्टरलाई अनुसन्धान केन्द्रका रूपमा विकास गर्ने, बालबालिकाको नेतृत्वमा प्रतिवेदन तयार गर्ने विषयमा जोड दिए ।

कार्यक्रमम पूर्व अध्यक्षहरू र सल्लाहकारहरूले सञ्जालको भूमिका, चुनौती र सम्भावनाबारे आ-आफ्ना सुझाव तथा सिफारिसहरू प्रस्तुत गर्नुभएको थियो । सहभागीहरूले विशेषगरी वर्तमान सामाजिक-राजनीतिक परिवेश, Gen Z आन्दोलनको प्रभाव, बालबालिकाको राजनीतिक प्रयोग, सामाजिक सञ्जालमा बालबालिकाको दुरुपयोग, बाल सहभागिताको अवधारणागत अस्पष्टता, तथा संस्थागत तटस्थता जस्ता विषयमा गम्भीर चिन्ता व्यक्त गरेका थिए ।

छलफलमा बाल सहभागितासँग सम्बन्धित नीति तथा कानुनी सुधारमा कन्सोर्टियम नेपालको भूमिका सुदृढ गर्नुपर्ने, निती निर्माण र विधायिकीय बहसमा बालबालिकाको दृष्टिकोण समेट्नुपर्ने, 'मक युथ पार्लियामेन्ट' जस्ता अभ्यास अघि बढाउनुपर्ने सुझाव दिइयो । साथै, बाल अधिकारसम्बन्धी अनुसन्धान, तथ्यमा आधारित केस स्टडी तथा सफल अभ्यासहरूको दस्तावेजीकरण, सदस्य संस्थाहरूको क्षमता अभिवृद्धि,



कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७ participation.consortium@gmail.com, Consortium Nepal

तथा बाल सहभागिताका मिथक र यथार्थबीच स्पष्ट भिन्नता स्थापित गर्नुपर्ने आवश्यकता औंल्याइयो । साथै, बाल अधिकार एकेडेमी तथा इ-एकेडेमी स्थापना, Gen Alpha मा केन्द्रित कार्यक्रम विकास, बाल सहभागिताका २५ वर्षको संस्थागत यात्रा दस्तावेजीकरण, नियमित समाचारपत्र (न्युजलेटर) प्रकाशन, तथा सदस्य संस्थाबीच सहकार्य र पारिवारिक भावना विकास गर्नुपर्ने सिफारिसहरू आएका थिए ।

बैठकको अन्त्यमा अध्यक्ष लामिछानेले पूर्व अध्यक्षहरू र सल्लाहकारहरुबाट प्राप्त सबै सुझाव र मार्गदर्शनलाई गम्भीरतापूर्वक समीक्षा गरी आगामी रणनीति, कार्यक्रम र संस्थागत विकास प्रक्रियामा समेट्ने प्रतिबद्धता व्यक्त गरे ।



### ४. प्रभावकारी सञ्चार तथा वक्तृत्वकला तालिम सफलतापूर्वक सम्पन्न

कन्सोर्टियम नेपाल बागमती प्रदेशको समितिको सहयोग तथा युथ इको नेपालको आयोजनामा राष्ट्रिय युवा परिषदको हल, भक्तपुरमा १०० जना बालबालिकाको सहभागितामा एकदिने प्रभावकारी सञ्चार तथा वक्तृत्वकला तालिम सफलतापूर्वक सम्पन्न भएको छ ।


बालबालिकाको आत्मविश्वास अभिवृद्धि गर्नुका साथै आफ्ना विचार, भावना र सरोकारलाई स्पष्ट, प्रभावकारी र जिम्मेवार ढंगले अभिव्यक्त गर्न सक्षम बनाउने उद्देश्यले आयोजना गरिएको यस तालिममा सहभागी बालबालिकाले सञ्चारका आधारभूत सीप, सार्वजनिक रूपमा बोल्ने कला, प्रस्तुतीकरणका तरिका तथा व्यवहारिक अभ्यासमार्फत सिकाइ हासिल गरेका थिए ।

कार्यक्रममा मध्यपुर थिमी नगरपालिकाका उप-प्रमुख विजयकृष्ण श्रेष्ठज्यूको प्रमुख आतिथ्यता रहेको थियो भने राष्ट्रिय युवा परिषदका प्रमुख प्रशासकीय अधिकृत गेहनाथ गौतमज्यू तथा कन्सोर्टियम नेपाल कार्यसमिति सदस्य सुजन अधिकारीको विशेष आतिथ्यता रहेको थियो । अतिथिहरूले बालबालिकाको व्यक्तित्व विकास र नेतृत्व क्षमता सुदृढ गर्न यस्ता तालिमहरू अत्यन्तै महत्वपूर्ण रहेको उल्लेख गर्दै सहभागी बालबालिकालाई सक्रिय, सचेत र आत्मविश्वासी बन्न प्रेरित गर्नुभयो ।



कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal

## निर्वाचन प्रक्रियामा बालबालिकाको प्रयोग नगर्न अपिल



DAO Registration No. 131-2070
SWC Affiliation No. 37795

बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम नेपाल)
CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD PARTICIPATION (CONSORTIUM NEPAL)

**निर्वाचन प्रक्रियामा बालबालिकाको प्रयोग नगर्न अपिल**

प्रतिनिधि सभा निर्वाचन यहि मिति २०८२ फाल्गुन २१ गतेका लागि तय भएको सन्दर्भमा लोकतान्त्रिक अभ्यासलाई मर्यादित, निष्पक्ष र अधिकार-सम्मत बनाउन सबै सरोकारवालाको भूमिका महत्वपूर्ण हुन्छ । निर्वाचन आयोगद्वारा जारी गरिएको निर्वाचन आचारसंहिता २०८२ को परिच्छेद-२ अन्तर्गत दफा ४ (ग) र (छ) ले बालबालिकालाई कुनै पनि निर्वाचनसम्बन्धी गतिविधिमा प्रयोग गर्न स्पष्ट रूपमा निषेध गरेको छ । साथै, विद्यालय तथा शैक्षिक परिसरलाई राजनीतिक गतिविधि, प्रचारप्रसार वा शक्ति प्रदर्शनका माध्यमका रूपमा प्रयोग नगर्नुपर्ने व्यवस्था पनि गरेको छ ।

तर हालै मनोनयन दर्ता लगायतका निर्वाचन गतिविधिहरूमा १८ वर्ष मुनिका बालबालिकाको प्रयोग भएको देखिनु गम्भीर चिन्ताको विषय हो । यस्ता अभ्यासले कानुन, आचारसंहिता तथा बालअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको उल्लङ्घन गर्नुका साथै बालबालिकाको शारीरिक, मानसिक र नैतिक विकासमा नकारात्मक असर पार्न सक्छ ।

यस सन्दर्भमा जुलुस, र्‍याली, प्रचार-प्रसार, सभा-समारोह तथा अन्य राजनीतिक गतिविधिमा बालबालिकाको सहभागिता हुन नदिन सम्बन्धित व्यवस्थाको कडाइका साथ कार्यान्वयन गर्न निर्वाचन आयोग, राजनीतिक दल, सुरक्षा निकाय तथा सबै सरोकारवाला निकायलाई आग्रह गर्दछौं ।

अन्त्यमा, बालबालिकाको अधिकार, गरिमा र संरक्षणलाई केन्द्रमा राखी सुरक्षित र जवाफदेही निर्वाचन वातावरण निर्माण गर्न हामी सबैलाई आ-आफ्नो स्थानबाट जिम्मेवार भूमिका निर्वाह गर्न आह्वान गर्दछौं । बालबालिकालाई दलगत राजनीतिबाट टाढा राख्दै उनीहरूको अधिकारको सम्मान गर्नु नै सुदृढ लोकतन्त्रको आधार हो ।

**प्रदिप कुमार लामिछाने**
अध्यक्ष
२०८२ माघ ८

## सदस्य संस्थाद्वारा संचालित गतिविधिहरु

### १. मध्यबिन्दुमा वडास्तरीय बाल क्लब पुनर्गठन तथा बाल अधिकार सम्बन्धी अभिमुखीकरण सम्पन्नः

मध्यबिन्दु नगरपालिका वडा नं. ८, ९, १० र १२ मा वडास्तरीय बाल क्लब पुनर्गठन गर्दै बाल क्लबका पदाधिकारी तथा बालबालिकालाई लक्षित गरी बाल अधिकार, किशोरी अधिकार र बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

विभिन्न स्थानमा सम्पन्न उक्त कार्यक्रम जागृती बाल तथा युवा सरोकार नेपाल को आयोजनामा, क्यान्नलान को सहयोग तथा जिल्ला प्रहरी कार्यालय नवलपुर र मध्यबिन्दु नगरपालिका वडाहरुसँगको समन्वयमा सञ्चालन गरिएको थियो ।





कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal

कार्यक्रममा वडास्तरीय बाल क्लबका अध्यक्षहरुको सभाध्यक्षता सम्पन्न भएको थियो । कार्यक्रममा बाल क्लबका पदाधिकारीसहित बालबालिकाहरूको उल्लेखनीय सहभागिता रहेको थियो । वडा नं १२ अन्तर्गत कार्यक्रममा सहभागी सृष्टि तामाङ ले बालबालिकाको उमेर समूह, बाल अधिकार अन्तर्गत बाँच्ने, संरक्षण, विकास र सहभागिताको अधिकार, हिंसा वा दुर्व्यवहार भएमा सम्पर्क गर्ने स्थान तथा नम्बरहरू साथै राम्रो र नराम्रो छुवाइबारे महत्वपूर्ण जानकारी प्राप्त भएको बताउनुभयो । सोहि कार्यक्रमका प्रमुख अतिथि जीवन पोखेलले नवगठित बाल क्लबलाई सक्रिय र प्रभावकारी रूपमा कार्य गर्न शुभकामना व्यक्त गर्दै कार्यक्रम सञ्चालनका लागि आयोजकलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रमका क्रममा सहभागी बालबालिकालाई बाल अधिकार तथा बालसम्बन्धी कानुनी जानकारीका पुस्तक, बालमैत्री स्थानीय शासन सम्बन्धी सामग्री, बाल विवाह सम्बन्धी कथापुस्तक तथा पोषणमैत्री स्थानीय शासन सम्बन्धी पुस्तक वितरण गरिएको थियो । साथै वडास्तरीय बाल क्लबको पुनर्गठन सफलतापूर्वक सम्पन्न गरिएको थियो।

## कन्सोर्टियम नेपालले जनावरी २०२६ मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण

| | | |
|---|---|---|
| १. | SIDA CSO Strengthening Project – Kickoff meeting | Save The Children |
| २ | SCI digital financed and reporting training | Save The Children |
| ३. | Urban bootcamp – Public open spaces in child friendly cities | Save The Children/ UNOPS |
| ४. | Consultation meeting on preventing Online sexual abuse against children | CWIN |



कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं

०१-४७९१३२७ participation.consortium@gmail.com, Consortium Nepal